# दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

# दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७

प्रस्तावना: राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हवाई उद्धार गरी मातृमृत्यु दर, बालमृत्यु दर घटाउन वाञ्छनीय भएकोले,

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि:-

(क) "कार्यक्रम" भन्नाले दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलालाई गरिने हवाई उद्धार सम्बन्धी कार्यक्रम सम्झनुपर्छ ।

(ख) "गर्भवती" भन्नाले महिलाको पेटमा गर्भ रही सुत्केरी नहुँदा सम्मको अवधिलाई सम्झनुपर्छ ।

(ग) "ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला" भन्नाले लगातार लामो प्रश्रव वेथा (१८ घण्टा भन्दा बढि) लागि बच्चा जन्मन कठिनाई भएको, बच्चाको हात खुट्टा वा शरीर पहिला निस्किएर बच्चा जन्मन कठिन भएको, शिशु जन्मेको ३० मिनेटसम्म पनि साालनाल ननिस्केको(Retained Placenta), गर्भमा नै बच्चाको मृत्यु भएको, गर्भवती महिलाको हात, खुट्टा र शरीर अधिक सुन्निएको, गर्भवती अवस्थामा हुने(Antepartum Haemorrhage-APH) र प्रसुति पछिको अवस्थामा हुने (Postpartum Haemorrhage-PPH), अधिक रक्तश्राव भएको, सुत्केरी हुने क्रममा उच्च रक्तचाप तथा एक्लम्प्सिया (Severe Pre-eclampsia & Eclampsia) भएको, पाठेघर फुटेको लक्षण देखिएको, पाठेघर भन्दा बाहिर बच्चा बसेको शङ्का भएको, बच्चा जन्मेको २४ घण्टाभित्र बच्चा अत्याधिक निसास्सिएर सास फेर्न गाह्रो भएको (Severe birth asphyxia) तथा रक्तअल्पता भएको गर्भवती तथा सुत्केरी महिला सम्झनुपर्छ ।

(घ) "दक्ष प्रसूतिकर्मी (Skill Birth Attendent)" भन्नाले मिड्वाइफ (Midwife) वा अनमी वा स्टाफ नर्स वा एम.बी.बी.एस गरी मान्यता प्राप्त संस्थाबाट SBA/ASBA

तालिम प्राप्त स्वास्थ्यकर्मी भन्ने सम्झनु पर्दछ । यस बाहेक DGO,MDGP,MD Gyne/Obs सम्बन्धी अध्ययन तथा तालिम प्राप्त गरेको स्वास्थ्यकर्मी लाई समेत सम्झनुपर्छ ।

(ङ) "दुर्गम क्षेत्र" भन्नाले सडक यातायातको सहज पहुँच नपुगेका दफा ४ बमोजिमका दुर्गम हिमाली तथा पहाडी क्षेत्रका जिल्ला सम्झनुपर्छ ।

(च) "निर्देशक समिति" भन्नाले दफा ६.१ बमोजिमको हवाई उद्धार निर्देशक समिति सम्झनुपर्छ।

(छ) "पोषण स्याहार तथा यातायत सहयोग" भन्नाले दुर्गम क्षेत्रमा ज्यान जोखिममा परि हवाई उद्धारबाट सुविधा सम्पन्न अस्पतालमा पुर्‍याईएकी महिलालाई सुत्केरी अवस्थामा खुवाउने पोषिलो खाना (दूध, घिउ, सुत्केरी मसला, माछामासु, फलफूल) नवजात शिशुको लागि न्यानो कपडा (बेबि ब्ल्याकेट, भोटो, टोपि, दैरा,सुरुवाल, न्यापिकिन) सुत्केरी महिलाको लागि न्यानो कपडा( गाउन, म्याक्सि, पेटिकोट, चोलो, मोजा, जुत्ता, सेनिटरी प्याड) र अस्पतालबाट घर फर्किदाको यातायात बापत दिइने सहयोग समेतलाई सम्झनुपर्छ ।

(ज) "प्रजनन् स्वास्थ्य" भन्नाले प्रजनन सम्बन्धी शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्य स्थिति सम्झनुपर्छ ।

(झ) "मन्त्रालय" भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ ।

(ञ) "विभाग" भन्नाले महिला तथा बालबालिका विभाग सम्झनुपर्छ ।

(ट) "विशेष परिस्थिति" भन्नाले बाढी, पहिरो, भुकम्प, हावाहुरी, हुण्डरी, महामारीका कारण सडक सञ्जाल क्षतविक्षत भइ सडक यातायातका साधन सञ्चालन हुन नसकेको र काबु बाहिरको परिस्थिती सम्झनुपर्छ ।

(ठ) "समन्वय समिति" भन्नाले दफा ६.३ बमोजिमको हवाई उद्धार समन्वय समिति सम्झनुपर्छ ।

(ड) "सिफारिश समिति" भन्नाले दफा ६.५ बमोजिम स्थानीय सिफारिश समिति सम्झनुपर्छ।

(ढ) "सुत्केरी" भन्नाले महिलाले बच्चा जन्माएको अवस्था देखि ४५ दिन भित्रको अवधिलाई सम्झनुपर्छ ।

(ण) "हवाई उद्धार" भन्नाले ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई हवाई यातायातको साधनबाट तोकिएको नजिकको आमा सुरक्षा कार्यक्रम लागु भएको सरकारी अस्पतालसम्म पुर्‍याउने कार्यलाई सम्झनुपर्छ ।

(त) "हवाई साधन" भन्नाले नियमित हवाई उडान वा हेलिकप्टर सम्झनुपर्छ ।

## परिच्छेद -२

### उद्देश्य, कार्यक्रम सञ्चालन हुने स्थान र सेवा प्रदायक संस्थाको छनौट

३. उद्देश्य: हवाई उद्धार कार्यक्रमको उद्देश्य देहाय बमोजिमको रहेको छः-

(क) महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हकको कार्यान्वयन गर्नु ।

(ख) नियमित यातयात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने महिलाको गर्भवती तथा सुत्केरी अवस्थाको कारणबाट हुने सम्भाव्य मृत्यु वा जोखिमबाट बचाउनु ।

(ग) महिलालाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराउनु ।

(घ) नवजात शिशुलाई सुरक्षित मातृत्व सेवा उपलब्ध गराउनु ।

४. हवाई उद्धार कार्यक्रम संचालन हुने जिल्ला र स्थानः अनुसूची-२ मा उल्लेख भए बमोजिमको हुनेछ ।

तर यसभन्दा अगाडि पूर्णरुपमा हवाई उद्धार कार्यक्रम लागू भएका र यस कार्यविधिमा सडक पुगेको भनि हटाईएका जिल्ला तथा स्थानीय तहमा (प्राकृतिक तथा अन्य विपद बाढी पहिरो, भुकम्प, हावाहुरी, महामारीका कारण) बिशेष परिस्थिति उत्पन्न भइ गर्भवती तथा सुत्केरी महिलाको जीउज्यान जोखिममा परेको प्रष्ट आधार भएको अवस्थामा ती स्थानबाट हवाई उद्धार गर्न बाधा पुगेको मानिनेछैन ।

५. हवाई उद्धार कार्यक्रमको लागि सेवा प्रदायक संस्थाको छनौटः- (१) हवाई उद्धार कार्यक्रमको लागि सेवा प्रदायक संस्था सार्वजनिक खरिद ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम सरकारी, निजी तथा अन्य क्षेत्रबाट खरिद गरिनेछ ।

(२) सेवा प्रदायक संस्था छनौट नभएसम्मका लागि रक्षा मन्त्रालयसँग समन्वय गरी नेपाली सेनाको हेलिकप्टर मार्फत हवाई उद्धारका काम गरिनेछ । नेपाली सेनाको हेलिकप्टर तत्काल उपलब्ध हुन नसक्ने तर तत्कालै उद्धार नगरे ज्यान जोखिममा पर्ने अवस्था भएमा निजी सेवा प्रदायकबाट सरकारी दररेटमा हवाई सेवा लिन सकिनेछ ।

## परिच्छेद -३

### हवाई उद्धार सम्बन्धी प्रक्रियागत व्यवस्था

६. हवाई उद्धार सम्बन्धी कार्यको लागि देहाय बमोजिमका समिति रहनेछन्।

६.१ हवाई उद्धार कार्यलाई मार्गदर्शन गर्न देहाय बमोजिमको हवाई उद्धार निर्देशक समिति रहने छः-

| | | |
|---|---|---|
| (क) | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | -संयोजक |
| (ख) | सहसचिव, विपद् व्यवस्थापन महाशाखा हेर्ने, गृह मन्त्रालय | -सदस्य |
| (ग) | सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |

(घ) सहसचिव, गुणस्तर मापदण्ड तथा नियमन महाशाखा,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

(ङ) सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

(च) सहसचिव, रक्षा मन्त्रालय -सदस्य

(छ) महाशाखा प्रमुख, महिला सशक्तिकरण महाशाखा, महिला,
बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य सचिव

**६.२ निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) हवाइ उद्धार गर्ने सम्बन्धमा आवश्यक नीति, योजना, तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) हवाई उद्धार गर्ने सम्बन्धमा आएका समस्या तथा चुनौतिका विषयहरुमा छलफल गरी स्पष्ट निर्देशन दिने,

(ग) हवाई उद्धार सम्बन्धमा आवश्यक मार्गदर्शन गर्ने,

(घ) हवाई उद्धार सम्बन्धमा आईपरेका आकस्मिक समस्या समाधान गर्न विभिन्न सरोकारवालाहरुसँग समन्वय गर्ने,

(ङ) स्वीकृत नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने,

(च) सुत्केरी तथा गर्भवती महिलाको उद्धार गर्ने क्रममा सरोकारवाला निकायमा सेवा लिनुपर्दा सदस्य प्रतिनिधिहरुले तत्काल उद्धारमा सहयोग गर्ने,

(छ) हवाई उद्धार बापतको हवाई भाडा रकम, पोषण स्याहार तथा यातायात खर्च बापतको खर्च रकम समितिबाट अनुमोदन गर्ने, गराउने ।

**६.३ हवाई कार्यक्रम अन्तर्गत सेवा प्रदायक संस्थाले हवाई उद्धार कार्यको समन्वय गर्नको लागि देहाय बमोजिमको हवाई उद्धार समन्वय समिति रहने छः-**

(क) महाशाखा प्रमुख, महिला सशक्तिकरण, महिला बालबालिका तथा ज्येष्ठ
नागरिक मन्त्रालय -संयोजक

(ख) उपसचिव, विपद् व्यवस्थापन शाखा,गृह मन्त्रालय -सदस्य

(ग) उपसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ङ) शाखा प्रमुख, गुणस्तर मापदण्ड तथा नियमन शाखा,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

(च) प्रतिनिधि, नागरिक उड्डयन प्राधिकरण -सदस्य

(छ) निर्देशक, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल -सदस्य

(ज) इकाई, राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयन इकाई,
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य सचिव

६.४ समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) तोकिएको अस्पतालसँग सहकार्य गर्ने,

(ख) सम्बन्धित निकायसँग समन्वय गरी हवाई उद्धारलाई प्रभावकारी बनाउने,

(ग) प्राप्त सूचनाको आधारमा हवाई साधन उपलब्ध गराउन निर्णय गर्ने,

(घ) हवाई उद्धार गर्दा उद्धार गरिने महिलाको स्वास्थ्य स्थिति, मितव्ययीता र अस्पतालमा उपलब्ध सुविधाको अध्ययन गरी अनुसूची-३ बमोजिमको पायक पर्ने उपयुक्त नजिकको अस्पतालमा लैजाने व्यवस्था मिलाउने,

(ङ) हवाई उद्धारको लागि सेवा प्रदायकलाई आदेश दिइसकेपछि गन्तव्य अस्पतालमा सो व्यहोराको जानकारी दिई आवश्यकता अनुसार हवाई उद्धार गर्ने स्थानसम्म ल्याउने डोको, स्टेचर र एम्बुलेन्स सेवा उपलब्ध गराउनु पर्नेछ सोको लागि सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयलाई समेत अनुरोध गर्ने,

(च) हवाई उद्धार सम्बन्धमा आकस्मिक रुपमा आइपरेका समस्या विश्लेषण गरी आवश्यक निर्णय लिने वा निर्देशक समितिमा राय सहित सिफारिश गर्ने । सिफारिश गरिएका व्यक्ति र सेवा प्रदायक व्यक्तिको नाम अध्यावधिक गर्ने,

(छ) समन्वय समितिको संयोजकले तोके बमोजिमको सदस्य सचिवले हवाई उद्धारको अन्य कार्य गर्नुपर्नेछ ।

(ज) स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने भनी सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा प्रमुख जिल्ला अधिकारीले दिएको सूचनालाई आधार मानी उद्धार गर्ने,

(झ) हवाई उद्धार गर्नुपर्ने सूचनाको एकीन प्रमुख जिल्ला अधिकारी वा स्वास्थ्यकर्मी वा स्थानीय तहसँग गर्ने,

(ञ) ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धारका लागि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग सूचना एकीन गरी उद्धार गर्ने,

(ट) सिफारिस गर्ने व्यक्ति र सेवा पाएका व्यक्तिको नाम, सम्पर्क नम्बर एवं खर्च अद्यावधिक गर्ने।

६.५ सम्बन्धित स्थानीय तहमा हवाई उद्धार गर्ने कार्य समन्वयका लागि देहाय बमोजिमको स्थानीय सिफारिस समिति रहनेछः-

(क) सम्बन्धित नगरपालिका/गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) सम्बन्धित नगरपालिका/गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) स्थानीय तहको प्रहरी कार्यालय/इलाका/चौकीको प्रमुख -सदस्य

(घ) स्थानीय स्वास्थ्य संस्थाको प्रमुख -सदस्य सचिव

६.६ स्थानीय सिफारिश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला तथा स्थानीय तहभित्र रहेका अस्पतालहरूमा उपलब्ध प्रसुति सेवा सम्बन्धी व्यवस्थाका साथै प्रसूति सेवा उपलब्ध गराउनुपर्ने गर्भवती महिलाको स्वास्थ्य अवस्थाको विवरण अध्यावधिक गर्ने,

(ख) सम्बन्धित क्षेत्र अन्तर्गत ज्यान जोखिममा परेका महिला वा परिवारका सदस्यबाट अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन प्राप्त भएपछि हवाई उद्धारको लागि सिफारिश गर्ने,

(ग) ज्यान जोखिममा रहेका गर्भवती र सुत्केरी महिलालाई नजिकको स्वास्थ्य केन्द्रमा पुर्याउन सहयोग गर्ने,

(घ) सम्बन्धित स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने भनी स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य संस्थाको दक्ष प्रसूतिकर्मि (चिकित्सक/स्टाफ नर्स/हेल्थ असिस्टेन्ट/अहेव/अनमी, मिडवाइफ) मध्ये कम्तिमा २ जनाको संयुक्त सिफारिश पूर्जी (Referal Slip) प्राप्त भएमा हवाई उद्दारका लागि सिफारिश गर्ने,

(ङ) हवाई उद्धार गर्दा हवाई साधन (हेलिकप्टर) अवतरण हुने स्थान पहिचान गरी सोको सूचना हवाई सेवा निर्देशनालयलाई दिने र हावाई साधन अवतरण हुने स्थानसम्म बिरामी लैजान सहयोग गर्ने,

(च) सम्बन्धित परिवारको आर्थिक अवस्थाको बारेमा जानकारी लिने,

(छ) सेवा प्रदायक संस्था र हवाई उद्धार समन्वय समितिसँग निरन्तर समन्वय, संचार र सम्पर्कमा रहने,

(ज) समितिले गरेका सिफारिशको विवरण अध्यावधिक गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा छिटोछरितो माध्यमबाट उपलब्ध गराउने,

(झ) अन्य सम्बन्धित सरोकारवाला निकायहरुसँग निरन्तर समन्वय गर्ने ।

७. <u>हवाई उद्धार सम्बन्धी प्रक्रियागत व्यवस्था देहाय बमोजिम हुनेछः-</u>

(क) दफा ६.५ बमोजिमको स्थानीय सिफारिश समितिले स्थानीय स्वास्थ्य संस्थाको पूर्जी सहितको लिखित सिफारिश समन्वय समितिको सम्पर्क व्यक्तिलाई पठाउने,

(ख) हवाई उद्धार समन्वय समितिको सम्पर्क व्यक्तिले संयोजकसँग समन्वय गरी तुरून्त समितिको बैठक बोलाउने । तत्काल बैठक बस्न नसक्ने अवस्थामा उद्धारको निर्देशन दिई पछि बस्ने समितिको बैठकबाट अनुमोदन गराउने,

(ग) खण्ड (क) बमोजिम स्थानीय सिफारिश समितिको बैठक तत्काल बस्न नसकेको अवस्थामा सोही व्यहोरा जनाइ स्थानीय स्वास्थ्य संस्थाको प्रमुख सहित अर्को एकजना स्वास्थ्यकर्मीले उपलब्ध गराएको पूर्जीको आधारमा समन्वय समितिले हवाई उद्धार सम्बन्धमा निर्णय गर्ने, गराउने। स्थानीय सिफारिश समितिको निर्णय मान्य हुनेछ ।

(घ) समन्वय समितिको निर्णय अनुसार सदस्य सचिवले सेवा प्रदायक संस्थालाई हवाइ उद्धार सेवा उपलब्ध गराउन तत्कालै मौखिक र पछि लिखित आदेश दिनेछ,

(ङ) समन्वय समितिको बैठक तत्काल बस्न सक्ने अवस्था नभएमा संयोजकको आदेश लिई समितिबाट पछि अनुमोदन गराउने गरी हवाई सेवा उपलब्ध गराउन हवाई सेवा प्रदायक संस्थालाई आदेश दिन सक्नेछ,

(च) हवाई उद्धार समन्वय समितिबाट उद्धार गर्नुपर्ने सूचना प्राप्त हुनासाथ सेवाप्रदायक संस्थाले जतिसक्दो छिटो हवाई साधन तोकिएको स्थानमा पठाई ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिलालाई उद्धार गरी दफा ६.४ को (क) मा उल्लेख भए बमोजिम नजिकको तोकिएको आमा सुरक्षा कार्यक्रम लागू भएको अस्पतालमा पुर्‍याउने व्यवस्था गर्नु पर्नेछ,

(छ) हवाई उद्धार गर्दा कुरुवा तथा रेखदेखको लागि उद्धार गर्नुपर्ने महिलाको स्वास्थ्य अवस्था हेरी एकाघरका सदस्य वा नजिकका संरक्षक गरी बढीमा दुईजना सम्मलाई साथमा जान हवाई चालकले अनुमति दिन सक्नेछ,

तर बिरामीको अवस्थाको गम्भीर्यताको आधारमा गर्भवती तथा सुत्केरीसँगै दक्ष प्रसूतिकर्मी रहनैपर्ने भएमा बिरामीसँगै हवाई साधन मार्फत उद्धार गरिने अस्पतालसम्म दक्ष प्रसूतिकर्मीलाई साथमा लैजाने व्यवस्था गर्न सकिनेछ।

(ज) उद्धार सम्बन्धमा तोकिएको दुर्गम क्षेत्रका सम्बन्धित महिलाको नागरिकता वा अन्य परिचय खुल्ने कागजात र स्थानीय तहकै सिफारिश हुनुपर्ने तर स्वास्थ्यको सिफारिश सम्बन्धमा अन्यत्र सुगम जिल्ला/क्षेत्रमा घर भई अस्थायी रुपमा दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास भएको ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला समेतलाई उद्धार गर्न सक्नेछ,

(झ) ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको आपतकालीन उद्धार बाहेक अन्य काममा हवाई सेवा लिन पाइनेछैन ।

८. <u>सेवा प्रदायक संस्थाको भूमिका देहाय बमोजिम हुनेछः-</u>

(क) सेवा प्रदायक संस्थाले मन्त्रालयबाट प्राप्त सूचनाका आधारमा शिघ्र हवाई उद्धार कार्य गर्नुपर्नेछ ।

(ख) हवाई उद्धारको खर्च दावी गर्ने बिलमा हवाई उडान अनुमतिको निस्सा, उडान कल साईन, उडान गर्दाको समय, उडान अवधि र भाडा दर स्पष्ट नभएको अवस्थामा नागरिक उड्डयन प्राधिकरणबाट हवाई उडान समय प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

९. हवाई उद्दार गरिएकी महिलाको तर्फबाट देहाय बमोजिमका कागजपत्रहरु मन्त्रालयमा पेश गर्नुपर्नेछः-

(क) स्थानीय तहको सिफारिश समितिको निर्णय प्राप्त गर्न दुर्गम क्षेत्रको कारणले समस्या भएमा प्रमुख जिल्ला अधिकारीले गरेको सिफारिश पत्र ।

(ख) स्थानीय स्वास्थ्य संस्थाको प्रमुखले सिफारिश गरेको पत्र ।

(ग) उद्धार गरिएकी महिलाको नागरिकताको प्रतिलिपि वा अन्य परिचय खुल्ने कागजातको प्रतिलिपि ।

(घ) स्थानीय तहको सिफारिश समितिले उद्धारको लागि गरेको निर्णय सहितको पत्र वा सम्बन्धित स्थानीय तहको सिफारिश पत्र।

१०. स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य उपचार गर्नको लागि अनुसूची-२ बमोजिमका जिल्ला र स्थानीय तहबाट हवाई उद्धार गरी सम्बन्धित प्रदेशभित्र पर्ने अनुसूची-३ मा उल्लेख भए बमोजिमका पायक पर्ने नजिकका आमा सुरक्षा कार्यक्रम लागु भएका अस्पतालमा पुर्याउने व्यवस्था गर्नुपर्नेछ ।

(ख) हवाई साधन अवतरण भएको स्थानबाट विरामी अस्पतालसम्म ल्याउनको लागि तोकिएको अस्पतालले एम्बुलेन्स सेवा उपलब्ध गराउनु पर्नेछ ।

(ग) माथि खण्ड(क)बमोजिमको अस्पतालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको सहकार्यमा निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।

(घ) अस्पतालमा भर्ना भएकी सुत्केरी महिलाको उपचार खर्च सहितको डिस्चार्ज भएको विवरण सम्बन्धित अस्पतालले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. हवाई उद्धार गरिएकी गर्भवती तथा सुत्केरी महिलाका लागि पोषण स्याहार तथा यातायात सहयोगः

(१) यस कार्यविधि बमोजिम हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पताल सम्म ल्याइएकी ज्यान जोखिममा परेकी महिलाको सुत्केरी पोषण स्याहार तथा यातायात सहयोगका लागि एकमुष्ट रु. २०,०००।- (अक्षेरुपी बीस हजार ) उपलब्ध गराइनेछ ।

तर यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी निवृत्तिभरण प्राप्त गर्ने व्यक्ति तथा सामाजिक सुरक्षा कोषमा आबद्ध कर्मचारीको हकमा यस्तो सुविधा उपलब्ध हुने छैन ।

(२) यस कार्यविधि बमोजिम पोषण स्याहार तथा यातायात सहयोग रकम प्राप्त गरेका गर्भवती तथा सुत्केरी महिलालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त हुने सोही बमोजिमको खर्च दोहोरो पर्ने गरी प्राप्त हुनेछैन ।

(३) हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पतालसम्म ल्याइएकी गर्भवती तथा सुत्केरी महिलालाई प्रदान गरिने पोषण स्याहार तथा यातायात सहयोग रकम बैंक खाता जम्मा गरिदिनेछ ।

(४) उपदफा (३) बमोजिम गर्भवती तथा सुत्केरी महिलाको बैंक खाता रकम जम्मा गर्न नसेके अवस्थामा उद्धार गरिएको महिलालाई पोषण स्याहार तथा यातायात खर्चका लागि रू. बीस हजार सम्बन्धित अस्पतालबाट भुक्तानी दिइ सोको सोधभर्ना मन्त्रालयबाट उपलब्ध गराउने।

## परिच्छेद -४

## अनुगमन, मूल्यांङ्कन तथा प्रतिवेदन

१२. <u>अनुगमन, मुल्यांकन तथा प्रतिवेदन:</u> (१) ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरी उपचारका लागि ल्याइएको अस्पतालबाट आवश्यकता बमोजिमको स्वास्थ्य सेवा र पोषणा तथा सुत्केरी स्याहार खर्च उपलब्ध भए नभएको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मन्त्रालयबाट निरिक्षण तथा अनुगमन गरिनेछ ।

(२) "ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार" सम्बन्धी कार्यको समीक्षा तथा मुल्यांकनको आधारमा आवश्यकता अनुसार उद्धार कार्यलाई परिमार्जन गर्दै लगिनेछ ।

(३) मन्त्रालयबाट गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गर्नुपर्ने कारण, उद्धार पश्चातका कामको अनुगमन, उद्धार गरिएकी गर्भवती तथा सुत्केरी र नवजात शिशुको अवस्थाको सूचना अध्यावधिक गर्ने तथा उद्धार गर्न नपर्ने सुत्केरी समेतलाई उद्धार गरी यो व्यवस्थाको दुरुपयोग भए नभएको नियमित अनुगमन गरिनेछ ।

## परिच्छेद-५

## विविध

१३. <u>अन्य व्यवस्था:</u> (१) स्थानीय तहले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी स्थानीय स्तरमै बर्थिङ सेन्टरको स्थापना, पर्याप्त स्रोतसाधन र दक्ष जनशक्तिको व्यवस्था गरी दीर्घकालीन रुपमा गुणस्तरीय प्रसूति सेवा उपलब्ध गराउनु पर्नेछ ।

(२) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायत अन्य सम्बन्धित निकाय मार्फत स्वास्थ्य संस्थामा पर्याप्त पूर्वाधार, दक्ष प्रसूतिकर्मिको व्यवस्था र गुणस्तरीय यातायातको पहुँच पश्चात हवाई उद्धार कार्यलाई क्रमशः हटाउदै लगिनेछ ।

(३) हवाई उद्धारको क्रममा गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुको अप्रिय घटना घट्न गएमा आकस्मिक दुर्घटना भएको मानिनेछ।

(४) स्थानीय स्वास्थ्य संस्थामा नगई आफैंले असुरक्षित रुपमा गर्भपतन गराएको अवस्थामा हवाई उद्धार सेवा प्रदान गर्नु बाध्य हुनेछैन ।

(५) यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख भए तापनि ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिलाको तोकिएको स्वास्थ्य संस्थामा उपचारको लागि (स्वास्थ्य उपकरणः आइसियु भ्यान्टिलेटर, पूर्ण स्वास्थ्य सेवा) सेवा सुविधा उपलब्ध हुन नसक्ने भनि सम्बन्धित स्वास्थ्य संस्थाले सिफारिश गरेको अवस्थामा वा तोकिएको प्रादेशिक अस्पताल भन्दा अन्य अस्पतालसम्मको दूरी नजिक भएमा वा खराब मौसमका कारण तत्काल तोकिएको अस्पतालमा लैजान सकिने अवस्था नभएमा अन्य सुविधा सम्पन्न स्वास्थ्य संस्थामा रिफर गर्न सकिनेछ ।

१४. <u>खारेजी तथा बचाउः</u> दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७५ लाई खारेज गरिएकोछ । उक्त कार्यविधि बमोजिम भए गरेका काम यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१५. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. <u>संशोधनः</u> मन्त्रालयले यस कार्यविधिका प्रावधानलाई आवश्यकता अनुसार थपघट गर्न सक्नेछ ।

१७. <u>बाधा/अड्काउफुकाउः</u> यस कार्यविधिमा स्पष्ट नभएका विषय वा अन्य विषयमा बाधा अड्कन फुकाउने अधिकार मन्त्रालयमा रहनेछ ।

अनुसूची - १

मितिः .........

विषयः हवाई उद्धार सम्बन्धमा ।

| हालसालै खिचेको फोटो |
|---|

श्री प्रमुख/अध्यक्ष ज्यू,

....................नगरपालिका/ गाउँपालिका

..............................।

म/मेरा ....................................................................................लगातार लामो प्रश्रव वेथा (१८ घण्टा भन्दा बढि) लागि बच्चा जन्मन कठिनाई भएको, बच्चाको हात खुट्टा वा शरीर पहिला निस्किएर बच्चा जन्मन कठिन भएको, शिशु जन्मेको ३० मिनेटसम्म पनि सालनाल ननिस्केको (Retained Placenta), गर्भमा नै बच्चाको मृत्यु भएको, गर्भ अवस्थामा गर्भवती महिलाको अधिक हात, खुट्टा र शरीर सुन्निएको, गर्भवती अवस्थामा हुने Ante Partum Haemorrhage-APH भएको, प्रसूतिपछिको अवस्थामा हुने Postpartum Haemorrhage-PPH भएको, अधिक रक्तश्राव भएको, सुत्केरी हुने क्रममा उच्च रक्तचाप तथा एक्लम्सिया (Severe Pre-eclampsia & Eclampsia) भएको, पाठेघर फुटेको लक्षण देखिएको, पाठेघर भन्दा बाहिर बच्चा बसेको शङ्का भएको, बच्चा जन्मेको २४ घण्टा भित्रै बच्चा अत्याधिक निसास्सिएर सास फेर्न गाह्रो (Severe birth asphyxia) भएको तथा रक्तअल्पता भएको म/मेरो ..................................लाई स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसकि ज्यान जोखिमा पर्ने भएकोले तत्काल सुविधा सम्पन्न अस्पतालमा लैजाने व्यवस्थाको लागि सिफारिश गरिदिनु हुन अनुरोध गर्दछु

निवेदक

नाम थरः

ठेगानाः

दस्तखतः

संलग्न कागजात

१. नेपाली नागरिकता वा परिचय खुल्ने अन्य प्रमाणपत्रको प्रतिलिपि ।

२. स्थानीय स्वास्थ्य संस्थामा गर्भवती जाँच गरेको प्रमाण कागजातको प्रतिलिपि ।

## अनुसूची - २

दफा ४ सँग सम्बन्धित

| पूर्ण रुपमा लागू भएको १९ जिल्ला | आंशिक रुपमा लागू भएका २९ जिल्ला |
|---|---|
| ताप्लेजुङ, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, मनाङ, मुस्ताङ, रुकुमपूर्व, रुकुम पश्चिम,जाजरकोट, डोल्पा, कालिकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, अछाम, दार्चुला | पाँचथरः (फिदिम नगरपलिका बाहेकका सबै स्थानीय तह)<br>इलामः (माईजोगमाई गा.पा., सन्दकपुर गा.पा.)<br>तेह्रथुमः (म्याङलुङ र लालीगुराँस नगरपालिका बाहेकका सबै स्थानीय तह)<br>धनकुटाः (चौबिसे गा.पा. )<br>उदयपुर (ताप्ली गा.पा. )<br>दोलखाः (भिमेश्वर र जिरी नगरपालिका बाहेकका सबै स्थानीय तह)<br>रामेछापः (उमाकुण्ड गा.पा.)<br>सिन्धुली (घ्याङलेख गा.पा.)<br>काभ्रेपलान्चोकः (महाभारत गा.पा.,चौरीदेउराली गा.पा.)<br>सिन्धुपाल्चोकः(पाँचपोखरी थामपाल गा.पा., हेलम्बु गा.पा., जुगल गा.पा.),<br>रसुवाः कालिका गा.पा र उत्तरगया गा.पा. बाहेकका सबै स्थानीय तह<br>नुवाकोटः (दुप्चेश्वर गा.पा.)<br>धादिङः (रूवीभ्याली गा.पा, गंगा जमुना गा.पा, खनियाँबास गा.पा.)<br>गोरखाः (चुमनुब्री गा.पा, धार्चे गा.पा., आरुघाट गा.पा.,सिरानचोक गा.पा., अजिरकोट गा.पा., बारपाक सुलिकोट गा.पा.)<br>लमजुङः (दुधपोखरी गा.पा., क्व्होलासोथार गा.पा)<br>स्याङजाः (हरिनास गा.पा, कालीगण्डकी गा.पा)<br>पर्वतः (जलजला गा.पा र मोदी गा.पा.को उत्तरतर्फ घ्याम्पाल क्षेत्र )<br>म्याग्दीः (बेनी नगरपालिका बाहेकका सबै स्थानीय तह)<br>बाग्लुङः (ढोरपाटन न.पा.,बडिगाड गा.पा.,निसिखोला गा.पा.,बरेङ गा.पा, तमानखोला गा.पा.,)<br>नवलपरासीः (बर्दघाट सुस्ता पूर्व हुप्सेकोट गा.पा.)<br>गुल्मीः (मालिका गा.पा., कालीगण्डकी गा.पा.)<br>प्यूठान (नौबहिनी गा.पा)<br>रोल्पाः (रुन्टिगढी र त्रिवेणी गापा बाहेक सबै स्थानीय तह)<br>जुम्लाः (चन्दननाथ नगरपालिका बाहेक सबै स्थानीय तह)<br>सल्यानः (कपुरकोट गा.पा. बाहेक सबै स्थानीय तह )<br>दैलेखः (गुराँस गाउँपालिका बाहेक सबै स्थानीय तह)<br>डोटीः (दिपायल सिलगढी नगरपालिका बाहेक सबै स्थानीय तह)<br>बैतडीः (दशरथ चन्द नगरपालिका बाहेक सबै स्थानीय तह)<br>डडेलधुरा (आलिताल गा.पा., नवदुर्गा गा.पा., परशुराम गा.पा.) |

पार्वत गुरुङ
मन्त्री

अनुसूची - ३

दफा १० संग सम्बन्धित

| सि. नं. | स्थानको विवरण | तोकिएको अस्पताल |
|---|---|---|
| १ | प्रदेश नं. १ | कोशी अञ्चल अस्पताल मोरंग, |
| २ | प्रदेश नं. २ | सगरमाथा अञ्चल अस्पताल सप्तरी, जनकपुर अञ्चल अस्पताल जनकपुर, नारायणी उप क्षेत्रीय अस्पताल पर्सा, विरगन्ज, |
| ३ | बागमती प्रदेश | परोपकार प्रशुती तथा स्त्रीरोग अस्पताल थापाथली, भरतपुर अस्पताल चितवन , |
| ४ | गण्डकी प्रदेश | पश्चिमान्चल क्षेत्रीय अस्पताल पोखरा |
| ५ | प्रदेश नं. ५ | लुम्बिनी अञ्चल अस्पताल, राप्ती उप क्षेत्रीय अस्पताल, भेरी अंचल अस्पताल बाँके नेपालगञ्ज |
| ६ | कर्णाली प्रदेश | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेत |
| ७ | सुदूरपश्चिम प्रदेश | सेती अञ्चल अस्पताल धनगढी |